# बकैया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या: २०८१/०८२

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८१/०८/०६)*

बकैया गाउँ कार्यपालिकाको मिति २०८१/०८/०३ गतेको निर्णयानुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा तपसिल अनुसारको पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको इच्छुक उम्मेदवारहरूबाट सूचना प्रकाशन भएको मितले २१(एक्काईस) दिन भित्र कार्यालय समयमा रितपूर्वक फारम भरि दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | पद | तह | विज्ञापन नं. | माग पद संख्या | पारिश्रमिक तथा सेवा सुविधा (मासिक रु.) | दरखास्त दस्तुर(रु.) | परीक्षाको किसिम | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | ५ | १३/०८१/०८२ | १ | नियमानुसार | ७००।- | संक्षिप्त सूची, लिखित तथा अन्तर्वार्ता | |
| २ | वित्तिय साक्षरता सहजकर्ता | ५ | १४/०८१/०८२ | १ | नियमानुसार | ७००।- | | |
| ३ | फार्मेसि असिस्टेन्ट | ५ | १५/०८१/०८२ | १ | नियमानुसार | ७००।- | | |
| ४ | अमिन | ४ | १६/०८१/०८२ | ३ | नियमानुसार | ५००।- | संक्षिप्त सूची, लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता | |
| ५ | नगर प्रहरी जवान | श्रेणिविहिन | १७/०८१/०८२ | २ | नियमानुसार | ३००।- | | |
| ६ | हलुका सवारी चालक | श्रेणिविहिन | १८/०८१/०८२ | १ | नियमानुसार | ३००।- | संक्षिप्त सूची, प्रयोगात्मक तथा अन्तर्वार्ता | |
| ७ | रिटर्नी | श्रेणिविहिन | १९/०८१/०८२ | १ | नियमानुसार | ३००।- | संक्षिप्त सूची तथा अन्तर्वार्ता | |
| ८ | कार्यालय सहयोगी | श्रेणिविहिन | २०/०८१/०८२ | १ | नियमानुसार | ३००।- | संक्षिप्त सूची तथा अन्तर्वार्ता | महादेवडाँडा आधारभुत स्वास्थ्य सेवा केन्द्र, बकैया-१ |
| ९ | ट्रायक्टर चालक | | | | | | | सूचिकृत गर्ने प्रयोजनको लागि |

शर्तः- नेपाली नागरिक भएको तथा प्रचलित कानूनद्वाराअयोग्य नठहरिएको हुनु पर्नेछ।

नोट: थप जानकारीको लागि प्रशासन शाखा प्रमुख मिलन दुलाल को सम्पर्क नं. ९७४१६८०६८९ मा सम्पर्क गर्नुहुन।

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# बकैया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमति प्रदेश, नेपाल

१) दरखास्तको साथ पेश गर्नु पर्ने कागजात:- नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, तालिमको प्रमाणपत्र, अनुभव भए सोको कागजात, ३ (तीन) प्रति पासपोर्ट साइजको फोटो, हलुका सवारी चालकको हकमा, सवारी चालक अनुमतिपत्र ।

२) आवश्यक न्यूनतम् शैक्षिक योग्यता:-

क. वि.नं. १३/०८१/०८२, मनोसामाजिक परामर्शकर्ता पदको लागि:- कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको वा मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको तथा मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता ।

ख. वि.नं. १४/०८१/०८२, वित्तिय साक्षरता सहजकर्ता पदको लागि:- न्यूनतम् प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण, प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।

ग. वि.नं. १५/०८१/०८२, फार्मेसि असिस्टेन्ट पदको लागि:- लोकसेवा आयोगले तोकेको बमोजिम।

घ. वि.नं. १६/०८१/०८२, अमिन पदको लागि:- लोकसेवा आयोगले तोकेको बमोजिम।

ङ. वि.नं. १७/०८१/०८२, नगर प्रहरी जवान पदको लागि:- न्यूनतम ८ कक्षा पास भएको, भूतपूर्व सेना, प्रहरी र सशत्र प्रहरीलाई प्राथमिकता दिईनेछ।

च. वि.नं. १८/०८१/०८२, हलुका सवारी चालक पदको लागि:- साधारण लेखपढ, सवारी चालक अनुमतिपत्र प्राप्त भएको।

छ. वि.नं. १९/०८१/०८२, रिटर्नी स्वयमसेवक पदको लागि:- न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको।

ज. वि.नं. २०/०८१/०८२, कार्यालय सहयोगी पदको लागि:- साधारण लेखपढ, साथै बकैया गाउँपालिका वडा नं. १ को बासिन्दाहरुलाई विशेष ग्राह्यता दिइनेछ।

३) उमेर:- दरखास्त दिने अन्तिम मिति सम्ममा,
हलुका सवारी चालकको हकमा १८ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
अन्य पदको हकमा १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

४) दरखास्त दिने अन्तिम मिति:- २०८१/०८/२६ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ।

५) दरखास्त दस्तुर सम्बन्धी व्यवस्था:- गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटि नगद जम्मा गरेको सक्कल रसिद पेश गर्नुपर्ने ।

६) परीक्षाको मिति, समय र स्थान:- दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७(सात) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ साथै लिखित परीक्षा हुने, अन्तर्वार्ता हुने मिति, समय र स्थान सोहि दिन तोकिनेछ।

७) दरखास्त पेश गर्ने स्थान:- बकैया गाउँ कार्यपालिकाको कार्यालय, हात्तीसुँडे, मकवानपुर।

८) करार अवधि:- मिति २०८२ असाढ मसान्त सम्म(आवश्यकता अनुसार गाउँ कार्यपालिकाले सेवा करार अवधि थप गर्न सक्नेछ)।

९) कार्यविवरण:- गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ।

नोट: थप जानकारीको लागि प्रशासन शाखा प्रमुख मिलन दुलाल को सम्पर्क नं. ९७४१६८०६८९ मा सम्पर्क गर्नुहुन।

महेश श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner